प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं. ५

बुटवल, नेपाल

पत्र संख्या : ०७५/०७६
चलानी नं. : २२४

मितिः २०७५/०७/१५

श्री स्थानीय तहहरु (१०९ वटा) सबै ।
प्रदेश नं. ५ ।

विषयः सवारी साधन दर्ता र नविकरण सम्बन्धमा ।

नेपालको संविधानले सवारी साधन कर प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा समावेश गरेको व्यहोरा विदितै छ । प्रदेश नं. ५ प्रदेश कर तथा गैर कर सम्बन्धी ऐन, २०७५ को दफा १०(३) मा “सवारी साधन भएका व्यक्तिले आफ्नो स्थायी ठेगाना वा बसाई सराई गरेको स्थान वा रोजगार वा व्यवसायको सिलसिलामा तत्काल बसोबास गरेको स्थान वा कारोबार दर्ता रहेको स्थान रहेको प्रदेशको कर कार्यालय वा तोकिएको निकायमा तोकिए बमोजिम सवारी साधन दर्ता गरी सवारी साधन कर बुझाउनु पर्नेछ” र दफा १०(४) मा “यो ऐन प्रारम्भ हुनु पूर्व सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ बमोजिम दर्ता भएका सवारी साधनका धनीले २०७५ चैत्र समान्तसम्म उपदफा (३) बमोजिम सवारी दर्ता गरी कर बुझाई सक्नु पर्नेछ” भन्ने व्यवस्था रहेकोले सो व्यवस्थाको प्रभावकारी कार्यान्वयनबाट प्रदेश र स्थानीय तहको आन्तरिक आम्दानी बृद्धि हुने विषयलाई ध्यानमा राखी आफ्नो तह अन्तर्गतका वडा समिति तथा वडा कार्यालय मार्फत प्रचार प्रसार गरी तोकिएको अवधि भित्र प्रदेश स्थित यातायात व्यवस्था कार्यालयमा सवारी दर्ता गर्न गराउन स्थानीय सवारीधनीहरुलाई जानकारी गराउनु हुन आदेशानुसार अनुरोध छ।

.......................

(तिलक बहादुर खड्का)
उपसचिव